नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

# जिल्ला पशु सेवा कार्यालय

गुल्मी

फोन: ०७९-५२०२२७

e-mail: dlsogulmi227@gmail.com

च.न :
प.सं. २०७३/०७४ प्रशासन

मिति :- २०७३।०९।२९

विषय :-गा.वि.स.मा कामकाज गर्न खटाई पठाईएको बारे।

श्री धुर्कोट पा.ल्क गा.वि.स.को कार्यालय

............ गुल्मी ।

प्रस्तुत विषयको सम्वन्धमा नेपाल सरकारको अ.व.२०७३।०७४को एक गाउं विकास समिति एक पशु सेवा प्राविधिक भन्ने स्वीकृत निति तथा कार्यक्रम अनुसार पशु सेवा विभागको मिति २०७३।०८।२७मा प्रकासित सूचना अनुसार यस कार्यालय वाट लिखित तथा अन्तर्वाता सम्पन्न भई जिल्ला परीक्षा संचालन समिति को मिति २०७३/०९/२४ को सिफारिस अनुसार ताहां गा.वि.स.मा .नायव पशुसेवा/पशु स्वास्थ्य प्राविधिक पदमा करार सम्झौता गरी सम्झौता पत्र र कार्यविधि थान १/१सहित श्री निरज क्षेत्री.....................लाई कामकाज गर्न खटाई पठाईएको छ,निजलाई हाजिर गराई निजहरुको मासिक हाजिरी प्रमाणित गरी पठाउने र गा.वि.स.स्तरमा पशु स्वास्थ्य तथा पशु सेवा कार्यक्रमहरु मा सम्लग्न गराउनु हुन अनुरोध छ ।

(नन्द लाल चौधरी)

वरिष्ठ पशु विकास अधिकृत

कार्यालय प्रमुख

**बोधार्थ :**

श्री जिल्ला विकास समितिको कार्यालय,

गुल्मी,तमघास :- करार सम्झौता पत्र थान २४ र कार्यविधि १प्रति संलग्न राखी पठाईएको छ ।

श्री पशु सेवा केन्द,

धुर्कोट रजस्थल करार सम्झौता पत्र र कार्यविधि१/१ प्रति संलग्न राखी पठाईएको छ ।

श्री लेखा शाखा,

जिल्ला पशु सेवा कार्यालय गुल्मी : निजहरुको प्रमाणित हाजिरीको आधारमा पारिश्रमिक उपलव्ध गराउने व्यवस्था गर्नु हुन ।

ना.प.से.प्रा./ना.प.स्वा.प्रा श्री निरज क्षेत्री.....

धुर्कोट रजस्थल/५ : तोकिएको कार्यक्षेत्रमा गई कामकाज गरी मासिक प्रगती पशु सेवा केन्द्रहरुमा पठाउने गर्नु हुन ।

# धुर्कोट गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

बर्वोट, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०८०/०८१
च.नं.: १२२६

*मिति : २०८०/१०/०३*

श्री निरज जि.सी. (ना.प.से.प्रा.)
धुर्कोट गा .पा. -०६, गुल्मी ।

*विषय :- करार सम्झौता सम्बन्धमा ।*

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गत वडा नं. ०७ वाग्लामा ना.प.से.प्रा. *(सहायक स्तर चौथो)* रूपमा करार सेवामा कार्यरत तपाईको मिति २०८० साल पौष मसान्त देखी सेवा करार सम्झौताको समयावधि समाप्त भएकाले समायवधि समाप्त भएकै मिति देखी लागु हुने गरि कार्यपालिकाको मिति २०८० पौष २६ गतेको निर्णय अनुसार मिति २०८१ साल असार मसान्त सम्मको लागि समयावधि थप गरिएको छ । इमान्दारिपूर्वक आफ्नो जिम्मेवारी पुरा गर्नुहोला।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री आर्थिक प्रशासन शाखा, धुर्कोट गाउँपालिका, गुल्मी ।

## सेवा करार सम्झौता

धुर्कोट गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी ( यस पछि प्रथम पक्ष भनिएको) र धुर्कोट गाउँपालिका वडा नं. ६, रजस्थल, गुल्मी स्थायी ठेगाना भएका श्री निरज जि.सी. (दोश्रो पक्ष भनिएको) बिच ना.प्रा.से.प्रा. चौंथो पदमा देहायका शर्तहरुको अधिनमा शर्तमा उल्लेखित सेवा उपलब्ध गर्ने गराउने सम्बन्धमा यो करारनामा सहिछाप गरी एक एक प्रति लियौं दियौं ।

१. गर्नुपर्ने कामको विवरण :

क) दोश्रो पक्षले पहिले पक्षले खटाएको स्थान र समयमा साविकको "एक गाउँ विकास समिति एक कृषि प्राविधिक व्यवस्थापन कार्यान्वयन निर्देशिका २०७३" परिच्छेद ३ को दफा ७ सँग सम्बन्धित प्राविधिकको काम, कर्तव्य र अधिकार बमोजिमका कार्यहरु सम्पादन गर्नु पर्ने छ । उक्त अनुसुचिको छायाँ प्रति पाना १ यसै साथ सम्लग्न छ ।

ख) मन्त्रालय, विभाग, सम्बन्धित कार्यालयबाट आएको निर्देशन अनुसार सम्पुर्ण कार्य गर्नुपर्नेछ ।

ग) धुर्कोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार र आवश्यक अन्य कार्यमा खटाउन सक्नेछ ।

घ) निजले आफू कार्यरत कार्यालयको प्रमुखले तोकेका सम्पूर्ण कार्य गर्नुपर्नेछ ।

ङ) नायब पशु सेवा प्राविधिक सहायक चौंथो तह (पशु प्राविधिक)को कार्य विवरण अनुसारको सम्पूर्ण काम गर्नुपर्नेछ ।

२. काम गर्नुपर्ने स्थान : ७ नं. वडा कार्यालय, वाग्ला, गुल्मी ।

३. काम गर्नुपर्ने समय : नेपाल सरकारको नियम अनुसार ।

४. करार अवधि : २०८०/१०/०१ देखि २०८१ असार मसान्तसम्म हुनेछ ।

५. मासिक पारिश्रमिक : सेवा करारमा काम गरेबापत दोश्रो पक्षलाई स्थानीय सेवाको सोही सहरको शुरू तलब भत्ता नियमानुसार उपलब्ध गराईनेछ ।

६. विदा : वर्षमा १२ दिन विदा पाइनेछ तर उक्त विदा संचित हुनेछैन ।

७. गोप्यता कानुनले गोप्य राख्नुपर्ने भनी तोकिएको कुरा गोप्य राख्नुपर्नेछ । कुनै पनि काम गर्दा कार्यालयको गोप्य कुरा वा कागजात अन्य अनधिकृत व्यक्ति वा प्रेसलाई उपलब्ध गराएको प्रमाणित भएमा सोको हानी नोक्सानीको क्षतिपूर्ति स्वयम् दोश्रो पक्षले व्यहोर्नु पर्नेछ ।

८. करार समाप्ती : दोश्रो पक्षले छोड्न चाहेमा कम्तीमा १ महिना अगावै प्रथम पक्षलाई लिखित सूचनाबाट जानकारी गराउनु पर्नेछ र काम सन्तोषजनक नभएमा पहिलो पक्षले जुनसुकै बेला हटाउन सक्नेछ ।

१०. सम्झौतामा उल्लेख हुन छुट भएका अन्य प्रचलित नियम कानून अनुसार हुनेछ ।

पहिलो पक्षको तर्फबाट
दस्तखत :
नाम,थर : श्री घनश्याम पन्थी
पद : प्रमुख प्रशासकिय अधिकृत
कार्यालय : धुर्कोट गाउँ कार्यपालिका कार्यालय, गुल्मी ।

दोश्रो पक्षको तर्फबाट
दस्तखत :
नाम,थर : श्री निरज जि.सी
पद : ना.प्रा.से.प्रा. (चौंथो)
ठेगाना : धुर्कोट गाउँपालिका ६, रजस्थल, गुल्मी ।

साक्षीहरु:

१. श्री ज्ञान बहादुर कार्की - लेखा सहायक

२. श्री पवित्रा भुसाल - प्रशासन शाखा

इति सम्वत २०८० साल माघ ०३ गते रोज ४ शुभम् ।।

# करार सम्झौता

जिल्ला पशु सेवा कार्यालय गुल्मी तथा श्री निरज जि.सी. ..................बीच भएको करारनामा

.ल्ला पशु सेवा कार्यालय गुल्मी (यसपछि प्रथम पक्ष भनिएको) र धुर्कोट रजस्थल/५ स्थायी ठेगाना भएका श्री ...निरज जि.सी. ................ (यस पछि दोश्रो पक्ष भनिएको) बीच देहायका शर्तहरूको अधिनमा शर्तमा उल्लेखित सेवा उपलब्ध गर्ने/गराउने सम्बन्धमा यो करारनामा सहिछाप गरी एक/एक प्रति लियौं दियौं ।

१. दोश्रो पक्षले पहिलो पक्षले खटाएको स्थान र समयमा "एक गाउँ विकास समिति एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यबिधि २०७३" को अनुसूची २ बमोजिमका कार्यहरू सम्पादन गर्नुपर्नेछ । उक्त अनुसूचीको छाँया प्रति पाना १ यसै साथ संलग्न छ ।

२. दोश्रो पक्षले करारनामा बमोजिमको कार्य पहिलो पक्षको कार्यालय प्रमुख र आफुले काम गर्ने गाउँ विकास समितिको प्रमुखको अधिनमा रही गर्नु पर्ने छ ।

३. दोश्रो पक्षले यस करारनामा बमोजिम सेवा प्रदान गरेवापत पहिलो पक्षले रू २२,१७०।०० (अक्षरूपी रू.बाईस हजार एक सय सत्तरी मात्र) रकम पारिश्रमिक वापत मासिक रूपमा दोश्रो पक्षलाई प्रदान गर्ने छ

४. करार अवधी **२०७३ माघ २गते बाट लागु भई २०७४ असार मसान्त** सम्म कायम रहनेछ ।

५. दोश्रो पक्षलाई पारिश्रमिक बाहेक चाड पर्व खर्च, महंगी भत्ता, पोशाक भत्ता जस्ता अन्य कुनै पनि सुविधा प्रदान गरिने छैन् ।

६. सो पदको लागि स्थायी कर्मचारी खटी आएमा वा अन्य कुनै व्यवस्था भएमा करार स्वत: भंग हुनेछ ।

७. दोश्रो पक्षले नेपाल सरकारले प्रदान गरेको सार्वजनिक विदा मात्र पाउने छ । सार्वजनिक विदा बाहेक अन्य दिन अनुपस्थित भएमा अनुपस्थित अवधिको दामासाहीको हिसाबले रकम कट्टा गरी बाँकी रकम दोश्रो पक्षले भुक्तानी पाउने छ ।

८. दोश्रो पक्षको काम कारबाही सन्तोषजनक नभएमा पहिलो पक्षले ७ (सात) दिनको अग्रिम सूचना दिई पहिलो पक्षले कुनै पनि समयमा करार तोड्न सकिनेछ । त्यस्तै दोश्रो पक्षले आफुले प्रदान गरिरहेको सेवा प्रदान गर्न असमर्थ भएमा सोको जानकारी कम्तीमा पन्ध दिन अगाडी नै पहिलो पक्षलाई दिनु पर्ने छ ।

९. सामान्यत कार्यालय समयमा तथा आवश्यकता हेरी कार्यालयको काममा कार्यालय समय बाहेकको समयमा पनि पहिलो पक्षले तोकेको समयावधी सम्म दोश्रो पक्षले काम गनुपर्नेछ ।

१०. दोश्रो पक्षको जानाजान लाहपरबाहीबाट पहिलो पक्षको कुनै हानी नोक्सानी हुन आएमा प्रचलित नियमानुसार पहिलो पक्षले निर्णय गरे बमोजिमको हर्जना दोश्रो पक्षले बुझाउनु पर्ने छ ।

११. यस करारनामाका कुनै शर्तहरू दुबै पक्षको आपसी सहमतीबाट आवश्यक संसोधन गर्न सकिने छ । अन्य कुराहरू प्रचलित ऐन/नियमावली एवं सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा "एक गाउँ विकास समिति एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यबिधि २०७३ (संशोधन सहित) बमोजिम हुने छ ।

**पहिलो पक्षको तर्फबाट**

दस्ताखत:-

नाम, थर:- नवलाल चौधरी

पद:- व प वि अ

कार्यालय:- जिल्ला पशु सेवा कार्यालय, गुल्मी

कार्यालय

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
पशु सेवा निर्देशनालय
जिल्ला पशु सेवा कार्यालय
तम्घास, गुल्मी

**दोश्रो पक्षको तर्फबाट**

दस्ताखत :-

नाम, थर :- निरज जि.सी.

व्यक्तिको ठेगाना:- धुर्कोट रजस्थल ५ गुल्मी

मिति :- २०७३/०९/२९

पद: ना प से प्रा

साक्षी

दस्तखत:-

नाम, थर:-

पद:-

कार्यालय:- जिल्ला पशु सेवा कार्यालय, गुल्मी ।

२

प्राविधिक कर्मचारीको कार्य विवरण

(कार्यविधिको परिच्छेद ४ दफा ७ सँग सम्बन्धित)

प्राविधिक कर्मचारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१। तोकिएको गा.वि.स.मा पशु विकास पशु स्वास्थ्य सम्बन्धी समस्या पहिचान गरी सहभागीतात्मक योजना तर्जुमा गर्ने।

२। उपलब्ध स्रोत, साधन तथा कार्यक्रमको अधीनमा रही गा.वि.स का पशुपन्छी पालक कृषक व्यवसायीलाई प्राविधिक सेवा उपलब्ध गराउने ।

३। पशुपन्छी सम्बन्धी अनुसन्धानबाट सिफारिस भै आएका नविनतम प्रविधिको अनुशरण र प्रचार प्रसार गर्ने ।

४। गाउँ विकास समिति, सामुदायिक संस्था तथा गैर सरकारी निकायद्वारा संचालन गरिने पशुपन्छी सम्बन्धी कार्यक्रमलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

५। नियमित पशु उपचार सेवा प्रदान गर्ने ।पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, क्षेत्रिय पशु सेवा निर्देशनालय, जिल्ला पशु सेवा कार्यालय र पशु सेवा केन्द्रले गर्ने भनी तोकिएका अन्य कार्य गर्ने ।

६। परजिवि विरुद्ध डिपिङ ड्रेन्चिङ सेवा एवं रोग विरुद्ध खोप सेवा प्रदान गर्ने ।

७। सिरो सर्भिलेन्स तथा सिरो मनिटरिङका लागि सिरम सकलन गर्ने र नयाँ रोग देखा परेमा तुरुन्त जिल्ला पशु सेवा कार्यालय र पशु स्वास्थ्य निर्देशनालयमा सूचना दिने ।

८। पशु सेवा केन्द्र मार्फत प्राप्त घाँसेवाली तथा प्रजननका क्रियाकलापहरु संचालन गर्ने ।

९। पशुधन बिमाका लागि सहजिकरण गर्ने ।

१०। स्थलगत कृषक तालिमको लागि सहजिकरण गर्ने ।

११। पशु सेवा कार्यालयले उपलब्ध गराएका फाराम समयमा भरी सम्बन्धित निकायमा पठाउने पशु जन्य पदार्थहरुको उत्पादन र उत्पादकत्वको स्थिति र अन्य अभिलेखहरु अद्यावधिक गर्ने ।

१२। कृषक समुह समिति र सहकारीहरुको मासिक बैठकमा भाग लिने सो को प्रतिवेदन पशु सेवा केन्द्र मार्फत जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

१३। वार्षिक क्यालेण्डर तयार गरी घुम्ति पशु सेवा उपलब्ध गराउने ।

१४। तोकिएको क्षेत्रभित्र पशुपन्छी सम्बन्धी तथ्याङ्कहरु अद्यावधिक गर्ने ।

१५। पशु सेवा विभाग, क्षेत्रीय पशु सेवा निर्देशनालय, जिल्ला पशु सेवा कार्यालय र पशु सेवा केन्द्रले गर्ने भनी तोकिएका अन्य कार्य गर्ने ।